बकैया गाउँकार्यपालिकाको मिति २०७७।०२।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. लकडाउनको प्रभावकारी कार्यान्वयन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा कोरोना भाईरसको विश्वव्यापी संक्रमणका कारण नेपाल सरकारले लागु गरेको लकडाउन यस गाउँपालिकामा पनि कार्यान्वयन भइरहेकोमा अझ प्रभावकारी रुपमा कार्यान्वयनका लागि थप प्रचार प्रसार गराउने, पसलमा मूल्यसूची टाँस गर्न लगाउने लगायतका कार्यहरुमा गाउँपालिका कार्यालय, वडा कार्यालयहरु र सुरक्षा निकायका कार्यालयहरुले अझ प्रभावकारी भूमिका निर्वाह गर्ने निर्णय गरियो ।

२. राहत वितरण सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा कोरोना भाइरस नियन्त्रणका लागि नेपाल सरकारले लागू गरेको लकडाउनको अवधिमा यस गाउँपालिका क्षेत्रमा दैनिक ज्यालादारी गरेर गुजारा गर्ने बासिन्दाहरुलाई राहत स्वरुप दैनिक आवश्यक पर्ने खाद्यान्न लगायतका सामाग्रीहरु विधिसम्मत ढंगले वितरणका लागि गाउँ कार्यपालिकाको मिति २०७६।१२।२४ गतेको बैठकले असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ पारित गरि मिति २०७७।०१।०४ गतेको बैठकको निर्णय अनुसार वडा विपद व्यवस्थापन तथा वडा आपूर्ति व्यवस्थापन समितीले संकलन गरेको विवरणको आधारमा वडा कार्यालय मार्फत पहिलो चरणमा राहत वितरण भएको र मिति २०७७।०१।१७ गतेको निर्णय अनुसार दोस्रो चरणमा राहत वितरण भएको तर लकडाउनको अवधि थप हुँदै गएकोमा अति प्रभावित व्यक्ति तथा परिवारहरुलाई वितरणका लागि पुनः तपशिल बमोजिम खाद्य सामाग्रीहरु वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

**राहत वितरणका लागि वडामा पठाईने राहत सामाग्री विवरण**

| वडा नं. | परिवार संख्या | चमल ३० केजी | तेल लि | आयोडीननुन प्याकेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६०० | ३०० | ५५० | ६०० | |
| २ | - | - | - | - | |
| ३ | - | - | ३० | - | गाउँपालिकाको खाद्यान्न बैंकबाट उपलब्ध गराउने। |
| ४ | १०० | ५० | ५० | १०० | |
| ५ | १५० | ७५ | ७५ | १५० | |
| ६ | २६० | १३० | १३० | २६० | |
| ७ | २५० | १२५ | १२५ | २५० | |
| ८ | १०० | ५० | ५० | १०० | |
| ९ | १०० | ५० | ५० | १०० | |
| १० | ७० | ३५ | ३५ | ७० | |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँढे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | - | - | - | - | |
| १२ | - | - | - | - | |
| जम्मा | १५३० | ७६५ | ७६५ | १५३० | |

३. बाल विवाह नियन्त्रण सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाले बालमैत्री स्थानीय शासन सञ्चालन अभियान प्रभावकारी रुपमा सञ्चालन गरिरहेको र कोरोना भाइरस संक्रमण नियन्त्रणको लागि नेपाल सरकारद्वारा लकडाउन घोषणा भई लागु भईरहेको सन्दर्भमा यस गाउँपालिकामा बालविवाहको घटना बढ्न गईरहेको पाईएको हुँदा सो को नियन्त्रणका लागि गाउँपालिका कार्यालय, वडा कार्यालय तथा गाउँपालिका स्थित प्रहरी कार्यालयहरु सकृय रुपमा लागि पर्ने निर्णय गरियो ।

४. स्वास्थ्य सम्बन्धि कार्यक्रम सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा विश्वव्यापी कोरोनाको महामारीको कारण लकडाउनको अवस्था रहिरहेको भए ता पनि गाउँपालिकामा सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, पोषण लगायतका कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने र सो सम्बन्धि सूचना प्रसार गर्ने निर्णय गरियो।

५. जनप्रतिनिधीहरुको तलबभत्ता सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा बागमती प्रदेश सरकारको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन बमोजिम पाउने सुविधा २०७६ असोज महिना देखि पाउने गरि उपलब्ध गराउने निर्णय गरियो । साथै चालु आर्थिक बर्ष २०७६।७७ को स्वीकृत कार्यक्रममा उल्लेखित पारिश्रमिक पदाधिकारी शिर्षकको रकमलाई आगामी गाउँसभाबाट अनुमोदन हुने गरि पदाधिकारी सुविधा शिर्षकको रुपमा संशोधन गर्ने निर्णय गरियो ।

६. योजना संशोधन सम्बन्धी वडा समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा पाँचौ गाउँसभाबाट वडागत रुपमा छुट्याईएको बजेट मध्ये केही योजना र विविध शिर्षकको रकम सम्बन्धित वडा समितिको संशोधन निर्णय तथा सिफारिशको आधारमा आगामी गाउँसभाबाट अनुमोदन हुने गरि तपशिल बमोजिमका योजनाहरु संशोधन निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | विविध पूर्वाधार विकास निर्माण तथा मर्मत खर्च (पूंजीगत) रु. ३,००,०००।-<br>विविध खर्च (चालु) रु. २,००,०००।- | महादेव डाँडा थोकर ग्रामिण सडक निर्माण रु.३,००,०००।-<br>सिसोपानी कत्लेखोला खानेपानी योजना रु.१,००,०००।-<br>लुकुन्डे डाँडा खानेपानी योजना रु. १,००,०००।- |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

| | | |
|---|---|---|
| २ | विविध पूर्वाधार विकास निर्माण तथा मर्मत खर्च (पूंजीगत) रु. ३,००,०००।-<br>विविध खर्च (चालु) रु. १,००,०००।- | तिनथुम्के, रंगेडाँडा, निजगढ सडक रु. १,००,०००।-<br>चाँदेसिर सडक मर्मत रु. ९०,०००।-<br>लामाडाँडा शाखा सडक निर्माण रु. ६०,०००।-<br>खेलकुद विकास रु. ६०,०००।-<br>खानेपानी पाईप खरिद रु. ४०,०००।- |
| | सरस्वती देखि तीनथुम्केसम्म विद्युत विस्तार रु. ५,००,०००।- | सरस्वती खेल मैदान निर्माण रु. ५,००,०००।- |
| ३ | विविध पूर्वाधार विकास निर्माण तथा मर्मत खर्च (पूंजीगत) रु. ३,००,०००।-<br>भैपरी आउने चालु खर्च रु. २,००,०००।- | पिप्ले, बाम्मारा पाखिन डाँडा सडक मर्मत तथा स्तरोन्नती ५,००,०००।- |
| | च्याउँच्याउ खोल्छी हाट बजार तटबन्धन रु. ३,००,०००।- | बकैया खोला नदि नियन्त्रण जलजले रु. ३,००,०००।- |
| | विपन्न महिलाहरुको लागि विकास कार्यक्रम रु. २,००,०००।- | बकैया खोला नदि नियन्त्रण बंदह रु. २,००,०००।- |
| ४ | विविध पूर्वाधार विकास निर्माण (पूंजीगत) रु. ३,००,०००।-<br>भैपरी आउने चालु खर्च रु. २,००,०००।- | पाईप खरिद रु. २,००,०००।-<br>छतिवन खानेपानी ईनार रु. ५०,०००।-<br>वडा कार्यालय अगाडी खानेपानी ईनार रु. ५०,०००।-<br>घैयादमार तल्लोटोल खानेपानी ईनार निर्माण योजना रु. १,००,०००।-<br>माझी गोल्डकप रु. ५०,०००।-<br>भैपरी आउने चालु खर्च रु. ५०,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाँसीखुर्द, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
उपाध्यक्ष

| | | |
|---|---|---|
| ५ | विविध पूर्वाधार विकास निर्माण (पूंजीगत) रु. २,५०,०००।- | ढुकुटी डाँडा तीनतले तल्लो टोल सडक ग्रावेलिङ रु. २,५०,०००।- |
| | भैपरी आउने चालु खर्च रु. २,५०,०००।- | ह्युम पाईप ७५" को ४ थान, वडा कार्यालय भवन संरक्षण, ल्यापटप खरिद १ सेट, प्रभात मा.वि. श्रीपुरको लागि कार्पेट तथा फर्निचर खरिद, मास्क उत्पादन तथा विविध |
| | हरकटनी राजदमार चिउरी खोल्सी सडक रु. ५,००,०००।- | गोसाईदमार डेउडी सडक स्तरोन्नती रु. ५,००,०००।- |
| ६ | भालुखोला टिकुली विद्युत विस्तार आयोजना रु. ९,००,०००।- सुधा ज्यामिरे विद्युत विस्तार आयोजना रु. ८,००,०००।- | भालुखोला टिकुली मैनाटार सडक रु. ६,००,०००।- कल्ले ज्यामिरे कृषि सडक रु. ४,००,०००।- सुनौलो जनजागृती सामाजिक यूवा समूह रु. २,००,०००।- जसपाल टिकुली सडक रु. ५,००,०००।- |
| ७ | विविध पूर्वाधार विकास निर्माण (पूंजीगत) रु. ३,००,०००।- विविध खर्च (चालु) रु. २,००,०००।- | कृषि सडक मर्मत रु. ४,२५,०००।- अँधेरी सांस्कृतिक कार्यक्रम रु. २२,०००।- फुटबल कार्यक्रम रु. ५३,०००।- |
| | हिरामुनी विद्युत मर्मत रु. ३,००,०००।- | हिरामुनी खानेपानी मर्मत रु. ३,००,०००।- |
| ८ | विद्युत मर्मत वडाभरि रु. १,५०,०००।- | फुटबल कार्यक्रम रु. ५०,०००।- विद्युत मर्मत वडाभरि रु. १,००,०००।- |

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

| | | |
|---|---|---|
| | विविध पूर्वाधार निर्माण (पूंजीगत) रु. ४,००,०००।-<br>विविध पूर्वाधार (चालु) रु. १,५०,०००।- | रातोडाँडा देउताखोला खानेपानी निर्माण रु. ४,००,०००।-<br>स्कुलदमार ढुङ्ग्रे खानेपानी ईनार रु. १,५०,०००।- |
| ९ | विविध पूर्वाधार निर्माण (पूंजीगत) रु. ३,००,०००।- | (खोर भञ्याङ्ग कालीदमार सडक घट्टेदमार भालुखोला हिलेखोला कटुसपानी सडक<br>च्याउँच्याउँ भालुखोला कुडुले सडक<br>च्याउँच्याउँ कालीदमार कपासे सडक) रु. २,५०,०००।-<br>पत्थरचोक खानेपानी पाईप खरिद रु. ५०,०००।- |
| | भालुखोला विद्युत विस्तार रु. १०,००,०००।- | च्याँउच्याँउ गुम्बाडाँडा हुँदै भालु खोला सडक ग्राबेल रु. १०,००,०००।- |
| १० | सेराफाँट तथा डुम्रेफाँट सिँचाई योजना रु. ५,००,०००।- | देउबुजे सडक निर्माण योजना रु. ५,००,०००।- |
| ११ | तल्लो सिमात मोटरबाटो निर्माण रु. ५,००,०००।- | कालिदमार सिमात घट्टेपाखा विद्युत विस्तार रु. ३,००,०००।-<br>तल्लो सिमात बाघ भैरव मन्दिर निर्माण रु. २,००,०००।- |
| | विविध पूर्वाधार विकास निर्माण (पूंजीगत) रु. ३,००,०००।-<br>भैपरी आउने चालु खर्च रु. २,००,०००।- | सिरुडाँडामा खोपकेन्द्र कार्यालय निर्माण रु. १,००,०००।-<br>वाईवाल्होसे खोपकेन्द्रको खानेपानी र शौचालय निर्माण रु. १,००,०००।-<br>वडा कार्यालय जाने बाटो निर्माण रु. १,००,०००।-<br>खानेपानी योजना पाईप खरिद रु. १,००,०००।-<br>लटरम्मेश्वरी महादेव मन्दिरलाई |

धकें... गाउँपालिकाको कार्यालय
हाँतीसुडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल

| | | |
|---|---|---|
| | | पर्यटकिय स्थलको निर्माण रु. ५०,०००।-<br>सिमात स्थित गुम्बामा रंगरोगन रु. ५०,०००।- |
| १२ | विविध पूर्वाधार निर्माण (पूंजीगत) रु. ३,००,०००।-<br>विविध खर्च (चालु) रु. २,००,०००।- | सेती देवी जितपुर खोला मोटर बाटो सरसफाई रु. १,००,०००।-<br>ठिगन डाँडा तिनघरे सडक सरसफाई रु. १,००,०००।-<br>माने घुम्ती ठूलो चौर खेल मैदान निर्माण रु. १,५०,०००।-<br>चपकी कोलखोप महादेव डाँडा सडक सरसफाई रु. ७०,०००।-<br>मितेरी पावर प्लान्ट रु. ५०,०००।-<br>भुत फाल्ने चौर भुत पँधेरो सडक सरसफाई रु. ३०,०००।- |

७. सवारी साधन खरिद सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय तहको संगठन संरचना तथा कार्यबोझ बमोजिम गाउँपालिकामा पर्याप्त सवारीसाधन हुन नसक्दा कार्यसम्पादनमा कठिनाई उत्पन्न भएकोले मोटरसाईकल १ थान तत्काल खरिद गर्ने गरी सर्वसम्मत निर्णय गरियो।

८. योजनाको थप काम सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले चालु आर्थिक वर्षमा सञ्चालन गरिरहेको विभिन्न योजनाहरुमध्ये तपशिल बमोजिमका योजनाहरुको कार्यलाई महत्वका साथ यसै आर्थिक वर्षमा सम्पन्न गराउनुपर्ने आवश्यकता देखिएकोले उक्त कार्यहरु सम्पन्न गर्नका लागि इस्टिमेट अनुसारको थप काम गराई सम्बन्धित योजना शिर्षकबाट भुक्तानी गर्ने तथा सम्बन्धित शिर्षकमा रकम अपुग हुने भएमा गाउँपालिका विविध पूर्वाधार निर्माण शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१. टाँसी पेमा छोइलिङ गुम्बा भवन निर्माण, बकैया-३
२. गोठखोला थली सडक, बकैया-४
३. दोभान सानोहाँडी सडक, बकैया-२

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीगौंडा, मकवानपुर बागमती प्रदेश, नेपाल

४. गाउँपालिका आउने सडक स्ल्याब ढलान, बकैया-३

५. वडा कार्यालय भवन संरक्षण तथा तटबन्धन, बकैया-५

६. ठिङ्गन मन्थली सडक नाली, बकैया-१२

७. रजुवा बोरिङ्ग, बकैया-१

८. गाउँपालिका कार्यालयको लागि बोरिङ्ग, बकैया-३

९. रेडक्रश भवन जग्गा तयार तथा मेशिनरी वाल, बकैया-४

१०. अल्छे भोगटे सडक, बकैया-६

११. कोलखोप सडक, बकैया-१२

९. सातातले तथा सुनाचुरी खहरे तटबन्धन निर्माण सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०७६।११।१५ गतेको निर्णय अनुसार राष्ट्रपति चुरे विकास कार्यक्रम अन्तर्गत विभिन्न स्थानमा योजनाहरु सञ्चालन गर्दा केही योजनाहरुको लागि तारजाली व्यवस्थापनको कार्य भएको तर बाँध बान्ने कार्य हुन नसकेकोमा उक्त तारजालीहरु सम्बन्धित योजना स्थलमा नै बाँध निर्माण कार्यमा प्रयोग गर्ने र बाँध निर्माणको क्रममा जालीमा ढुङ्गा भरे बापत प्रति घनमिटर रु. १०००।- का दरले भुक्तानी दिने निर्णय भएकोमा सातातले तथा सुनाचुरी खहरे तटबन्धन निर्माणको लागि फिलिङको समेत कार्य गर्नुपर्ने देखिएकोले उपभोक्ता समिति मार्फत कार्य गराउँदा सातातले तटबन्धन निर्माणका लागि जनसहभागिताको लागत सहित जम्मा रु. १,९९,५०८।४७ पर्ने देखिएकोमा गाउँपालिका अनुदान रु. १,६९,५८२।२० र सुनाचुरी खहरे तटबन्धन निर्माणका लागि जनसहभागिताको लागत सहित जम्मा रु. ५,२३,६४४।३४ पर्ने देखिएकोमा गाउँपालिका अनुदान रु. ४,४७,३८५।४६ उपलब्ध गराई दुवै योजना उपभोक्ता समितीहरु मार्फत सञ्चालन गराउने निर्णय गरियो । साथै मिति २०७६।११।१५ गतेको कार्यपालिका बैठकले तारजाली व्यवस्थापनको रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरेकोमा तारजाली व्यवस्थापन तथा उल्लेखित योजनाहरुको भुक्तानी गाउँपालिकाको विविध पुर्वाधार निर्माण शिर्षकबाट दिने निर्णय गरियो ।

१०. सानोथली लिफ्ट सिँचाई योजना सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ४ स्थित सानोथली क्षेत्रमा खेतीका लागि सिँचाईको समस्याका कारण कृषि उत्पादन उन्नत हुन नसकेकोमा उक्त क्षेत्रमा लिफ्ट सिँचाईको लागि लागत ईस्टिमेट गरि नेपाल सरकार तथा बागमती प्रदेश सरकारसंग योजना माग गर्ने तथा आगामी आर्थिक वर्षमा उक्त योजना सञ्चालनका लागि बजेट विनियोजन गरिने निर्णय गरियो ।

११. काउसेखोला सौर्य उर्जा ग्रामिण खानेपानी योजना सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. २ तीनथुम्केस्थित काउसेखोला सौर्य उर्जा ग्रामिण खानेपानी योजना मर्मत तथा स्तरोन्नतीको आवश्यकता देखिएकोमा इस्टिमेटेड लागत अनुसार उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल

१२. 'घ' वर्गको व्यवसाय प्रमाणपत्र अनुमति दिने सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा 'घ' वर्गको व्यवसाय प्रमाणपत्रको लागि अमृतलक्ष्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., बकैया-७ ले आवश्यक कागजात सहित दरखास्त पेश गरेको तथा बकैया गाँउपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम योग्य भएको पाईएको हुँदा उक्त प्रा.लि. लाई 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने निर्णय गरियो।

१३. हावाहुरी राहत सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा विभिन्न समयमा हावाहुरीबाट गाउँपालिकाका विभिन्न ठाउँका वासिन्दाहरुको घरगोठको छाना उडाउने तथा घरगोठमा क्षति पुर्याउने गरेकोमा आगलागीबाट क्षति भएको अवस्थामा जस्तै प्रहरी मुचुल्का, वडाको सिफारिश, क्षतिग्रस्त घरगोठको तस्विर, सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपी, निवेदन लगायतका विवरणका आधारमा घरको हकमा बढिमा रु. १०,०००।- तथा गोठको हकमा बढिमा रु. ५,०००।- राहत रकम उपलब्ध गराउने निर्णय गरियो।

१४. आर्थिक विकास शाखाका कार्यक्रमहरु संशोधन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्ष २०७६।७७ को स्वीकृत कार्यक्रम अन्तर्गतका आर्थिक विकास शाखाका केही बमोजिमका योजनाहरु संशोधनका लागि आर्थिक विकास समितीबाट सिफारिश भई आएकोमा तपशिल बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविक योजनाको नाम | संशोधित योजना |
|---|---|---|
| १ | कृषक फर्महरुको लागि विउ पुँजी कोष रु. १,००,०००।- | बकैया कृषि सहकारी बकैया-३ बाममारामा सामुहिक तरकारी खेती रु. १,००,०००।- |
| २ | राइस ट्रास्प्लान्टर छतिवन कृषि सहकारी रु. ५,००,०००।- | धान काट्ने मेशिन छतिवन कृषि सहकारी रु. ५,००,०००।- |
| ३ | ५०% अनुदानमा किवि विरुवा बकैया १०, ११ र १२ मा वितरण रु. २,००,०००।-<br>किवि खेती सम्वन्धी तालिम रु. ५०,०००।-<br>बकैया गाउँपालिका वडा नं. ६ का कृषकलाई अन्तर जिल्ला कृषक भ्रमण रु. १,५०,०००।- | मकै बालीको फौजी तथा गवारो किरा नियन्त्रणका लागि कृषकहरुलाई निशुल्क किटनाशक विषादी वितरण रु. ४,००,०००।- |

१५. दलित जनजातीको लागि आरन सुधार कार्यक्रम सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७६।७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत दलित जनजातीको लागि आरन सुधार कार्यक्रम शिर्षकमा विनियोजित बजेट रु. ६,००,०००।- बाट सबै वडाहरुमा भएका आरनहरुको स्तरीकरणका लागि आरनको फोटो,

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल

सञ्चालकको नागरिकताको प्रतिलिपि, वडाको सिफारिश लगायतका विवरणको आधारमा प्रति आरन बढिमा रु. १५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

१६. <u>विपद कोष व्यवस्थापन सम्बन्धमाः-</u>

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा शुरु मौज्दात रु. ४,७८,९००।-, चालु आर्थिक वर्षमा विनियोजित रु. ४०,००,०००।- तथा जिल्ला बचत तथा ऋण सहकारी संघ लगायत बकैया गाउँपालिका भित्रका विभिन्न सहकारीहरुबाट प्राप्त रु. ९६,५००।- गरि जम्मा रु. ४५,७५,४००।- रकम रहेको र प्रदेश सरकारबाट उपलब्ध गराईएको रु. १०,००,०००।- समेत उक्त कोषमा जम्मा गर्दा जम्मा रु. ५५,७५,४००।- हुने र उक्त कोषबाट विभिन्न समयमा घर गोठ लगायत क्षति व्यहोरेका घर परिवारहरुलाई राहत उपलब्ध गराउँदा तथा हाल कोरोनाको प्रकोपको अवस्थामा खाद्यान्न राहत उपलब्ध गराउने क्रममा र क्वारेन्टाइन निर्माण एवं औषधिजन्य सामाग्रीहरु व्यवस्थापनको क्रममा भएका खर्चहरु भुक्तानीका लागि रकम अपुग हुने देखिएको तथा आगामी दिनको लागि समेत थप रकम आवश्यकता पर्ने देखिएको र नेपाल सरकारबाट वर्तमान कोरोना प्रकोपको अवस्थामा स्थानीय तहहरुले वित्तिय समानिकरण अनुदानबाट प्राप्त रकमलाई अन्य योजना शिर्षकबाट रकमान्तर गरि विपद व्यवस्थापन कोषमा छुट्याउन सक्ने परिपत्र गरेकोमा गाउँपालिकाको विविध भैपरी आउने खर्च रकम रु. ५०,००,०००।- विपद व्यवस्थापन कोषमा रकमान्तर गरि आगामी गाउँसभामा अनुमोदनको लागि पेश गर्न् निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खत्री
अध्यक्ष